प्रस्तावहरुः

१. समिति गठन सम्बन्धमा।
२. बहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा।
३. नव प्रर्वतन कार्यक्रमको प्रस्ताव पेस सम्बन्धमा।
४. रिक्त दरबन्दीमा करार सेवामा जनशक्ति लिने सम्बन्धमा।
५. माघी मेला सम्बन्धमा।
६. सार्वजनिक जग्गा सम्बन्धमा।
७. चुकाह जुडाँ छेडाघाट ऐरावती सडक र बैरेनी उदिक गोठिबाङ खम्चि सडकको वातवारणीय परिक्षण (IEE) र डि.पि.आर निर्माण गर्ने सम्बन्धमा।
८. विद्यालयको चार कोठे भवन निर्माण सम्बन्धमा।
९. विविध

निर्णयहरुः

१. ऐरावती गाउँपालिकाको मूख्य सडक चेरेनेटाबरौला सडक खण्डमा ट्रिपर सञ्चालन भए पश्चात - सवारी आवागमन, विद्यालय क्षेत्रका विद्यार्थीहरुको हिँडडुल र समग्र आवतजावत प्रभावित हुन थालेकोले सवारी सञ्चालनलाई व्यबस्थित बनाउनको लागि तपसिलको ट्रिपर अनुगमन तथा ब्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

संयोजक- सिता गैरे
सदस्य- चन्द्र बहादुर रोका मगर
-भिमेस घर्ती मगर
-प्रजापती ज्ञवाली
-बिनोद त्रिपाठी

२. ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालनको लागि संघिय सरकारबाट विशेष अनुदान मार्फत विनियोजित बजेट रु ५० लाखमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न स्वीकृत दिने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | गा.पा. स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन र बैठक | ६०,००० | |
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति गठन र बैठक | १८०००० | |
| ३ | सुनौला हजार दिनका आमा समूह गठन | १५०००० | प्रति वडा २५ जना |
| ४ | सुनौला हजार दिन आमालाई  पोषण एव सरसफाई सम्बन्धि अभिमुखीकरण कार्याक्रम | २००००० | अभिमुखीकरण तथा सरसफाई किट वितरण |
| ५ | किशोरीहरुलाई पोषण तथा महिनवारी स्वच्छता सम्बन्धी सचेतना अभिमुखीकरण | ५००००० | प्रति वडा २५ जना |
| ६ | सुनौला हजार दिन आमालाई सुरक्षित पानी प्रयोग अन्तरगत पानी फिल्टर वितरण | ६००००० | |
| ७ | सुनौला हजार दिनका आमा समूह तथा पोषणमैत्री नमूना आमा समूहमा उन्नत जातको तरकारीको बिउ खरिद तथा वितरण | ५००००० | सबै वडामा रहेको गर्भवती तथा सुत्केरी महिलालाई |
| ८ | पोषण मैत्री टोल घोषणा अभियान | १५०००० | |
| ९ | महिला शिक्षकहरु पोषण तथा बाल शिक्षा सम्बन्धि अभिमुखीकरण एव सामाग्री बितरण | ५००००० | |
| १० | मा.वि. विद्यालयका किशोर किशोरीहरुलाई महिनावारी स्वच्छता तथा सन्तुलित आहारको महत्व विषयमा अभिमुखीकरण | १९०००० | अभिमुखीकरण तथा सरसफाई किट बितरण |
| ११ | विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा पोषण सम्बन्धि भित्ते लेखन | ३२०००० | |
| १२ | विद्यालय तथा वडा कार्यालयहरुमा पोषण कर्नर स्थापना | ७००००० | |
| १३ | बाल अनुदान प्रभावकारी उपयोग तथा पोषण सम्बन्धि आमा तथा शिशु स्याहारकर्ताहरुलाई १ दिने अनुशिक्षण कार्यक्रम | २००००० | |
| १४ | पालिका स्तरिय पोषण कार्यक्रमको समिक्षा | २५०००० | सहभागीलाई १ थान झोला बितरण |
| १५ | सुनौलो हजार दिन आमाहरुलाई कुखुराको अण्डा बितरण कार्यक्रम | ५००००० | |

३. लुम्बिनी प्रदेश मुख्यमन्त्रि कार्यालय राप्ति उपत्यकाबाट प्रकाशित सूचना बमोजिम नव प्रर्वतन कार्यक्रममा माग गरिएका विभिन्न विषय क्षेत्रहरुलाई समेटी आवश्यक लागत साझेदारी रकम ब्यवस्था गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

४. ऐरावती गाउँपालिकामा आवश्यक तथा रिक्त रहेको कृषि अधिकृत, अहेव, लघु उद्यम विकास सहजकर्ता र हे.अ. पदमा करार सेवामा भर्ना गर्नको लागि विज्ञापन प्रकाशन गरि पदपूर्ति गर्न प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मा दिने निर्णय गिरयो ।

छनौट समिति

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

ख) प्रशासन शाखा प्रमुख सदस्य

ग) अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको अधिकृतस्तर कर्मचारी सदस्य

५. ऐरावती गाउँपालिकाको प्रमुख धार्मिक स्थल झिमरु नदी र माण्डवि नदिको संगम स्थल ऐरावतीमा लाग्ने माघि मेलाको ब्यवस्थापनको लागि आवश्यक रकम विविध शिर्षकबाट दिने गरी ऐरावती गाउँपालिका वडा नं. १ का वडा सचिबलाई प्रस्तावना बनाई पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

६. ऐरावती गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गा छुट्याउनको लागि जिल्ला प्रशासन कार्यालय प्यूठान र नापी कार्यालय प्यूठानबाट प्रतिनिधि माग गरी जग्गा छुट्याउने निर्णय गरियो ।

७. चुकाह जुडाँ छेडाघाट ऐरावती सडक र बैरेनी उदिक गोठिबाङ खम्चि सडकको वातवारणीय परिक्षण (IEE) र डि.पि.आर निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

८. ऐरावती गाउँपालिकामा संघिय सरकारबाट विद्यालयको चार कोठे भवन र पुस्ताकालय , विज्ञान प्रयोगसाला तथा ICT निर्माणको लागि आवश्यकता सम्बन्धि सार्वजनिक सूचना र ऐरावती गाउँपालिका शिक्षा समितिको सिफारिसमा तपसिलका विद्यालयमा विद्यालय ब्यवस्थापन समितिबाट विद्यालयको भवन निर्माण गर्ने निर्णय गरियोः

१. जन कल्याण आ.बि. ऐरावती-४ (चार कोठे भवन)

२. जनता प्रा.वि. ऐरावती-१ (चार कोठे भवन)

३. जनकल्याण मा.वि ऐरावती-२ (पुस्ताकालय , विज्ञान प्रयोगसाला तथा ICT)

९. विविधः

- ऐरावती गाउँपालिका वडा नं. २ रानीबासमा रहेको जन कल्याण मा.वि. रानीबासको स्वर्ण महोत्सव मनाउनको लागि बर्थिक सहायता शिर्षकबाट रु ५० हजार दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका भित्रका सडकमा सिंचाई गर्ने बाहानामा जथाभाबि पानी सडकमा हालिदिने र सडकको छेउछाउमा जथाभाबि निर्माण सामाग्री राख्ने जस्ता कार्य रोक्नको लागि सूचना प्रवाह गर्ने र निर्णय नमाने कानुन अनुसार जरिवाना गर्ने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. २ निवासी ऐरावती गाउँपालिकाका जग्गादाता श्री काशि राउतको काम गर्ने शिलसिलामा आखाँमा ढुङ्गाको कर्ण पर्न गई आखाँमा आएको समस्याका कारण थप उपचारको लागि जिल्ला बाहिर जानुपर्ने भएको हुदाँ नीजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता स्वरुप रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. ३ साबिक पकला गा.वि.स वडा नं. ८ बस्ने गर्भवती सिमा रानालाई थप उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा लैजानुपर्ने भएकोले नीजको आर्थिक अवस्था कमजोर रहेकोले एम्बुलेन्स भाडा रु १०५००। गाउँपालिकाको आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका पूर्वाधार शाखामा कार्यरत ई. सन्तोष नेपालीले प्रयोग गर्ने लु १ ब ३०६१ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले पाण्डे मोटरसाईकल पार्टस एण्ड वर्कसप बरौलालाई ईष्टिमेट विल अनुसार भुक्तानी दिने निर्णय गरियो ।